**मिति: २०८०/०२/१८**

श्री सम्पादकज्यु

नेपाल मामिला डट कम

## बिषय: खण्डन सम्बन्धमा

प्रस्तुत सम्बन्धमा त्यहाँ अनलाइनबाट मिति २०८०/०२/०८ गते "बिनाप्रमाण समाचार लेखियो", सुर्य नेम्बाङ्गद्वारा अफुबिरुद्धको आरोपको खण्डन शीर्षकमा प्रकाशित समाचारको बिषयमा मेरो गम्भीर ध्यानाकर्षण भएको छ। पछिल्लो समय चर्चामा रहेको सुर्य नेम्बाङ्गको भूपू गुर्खाको परिवारलाई UK भिसा सम्बन्धि ठगि र गलत काममा मेरो कुनै सरोकार र संलगनता नभएको अवस्थामा त्यहाँ अनलाइनबाट यसरी प्रयोजितरुपमा चरित्रहत्या गर्ने मनसायले प्रकाशित समाचारबाट सम्पूर्ण पत्रकारिता जगतलाई नै हिलो छ्यापने काम भएको छ। उक्त समाचारमा प्रकाशित तपशिलका बिषयमा खण्डन गर्दछु र उक्त खण्डनलाई क्षमायाचना सहित प्रकाशित गर्न अनुरोध गर्दछु।

**तपशिल**

**समाचारमा आएको बिषय :** बिपिन शाहजीको अफिसमा समीकाछि श्रेष्ठ नाम गरेको उहाको स्टाफ थिइन। उनले मलाई यहाँ १६ हजार मात्र दिन्छन, काम छोड्दैछु , बरु तपाइको काम घरमै बसेर गरिदिन्छु भनेकी थिईन र मैले १ जना बराबर ३० हजार दिंदै आएको थिंए। तर उनले जथाभाबी क्ल।इन्टहरु तयार पर्ने र मनोमानी शुल्क असुल्ने गरेपछि कारबाही गर्ने ठाउ सम्म छ भनेको उनको भनाइ छ।

**मेरो खण्डन :** बिपिन शाहजीको अफिसमा काम गर्ने क्रममा उहाको अफिस अनामनगरबाट बालुवाटार सरेपछि आफुलाई आवत जावतको समस्या भएको कुरा बिपिनजी संग भयो र उहाले पनि अब आफु सुर्य नेम्बाङ्ग संग काम नगर्ने कुरा भन्नु भयो र यो गुर्खाको काम बाहेक अर्को काममा संलग्न हुनु हुन्थ्यो, जुन काम मा मेरो काम गर्ने मन थिएन र आफुले अब काम छोड्ने कुरा राखेको थिए र उहा चिन बाट फर्कनु भएपछि पछि काम छोड्ने कुरा थियो । सोहि

बेला बिपिन शाह नेपाल बाट बाहिर जानु भएको बेला सुर्य नेम्बाङ्ग नेपालमा आउनु भएको थियो र उहाको UK फर्किने दिन नजिक आउदै थियो। तेही समयमा उहा बालुवाटार स्थित बिपिन शाहजीको अफिसमा आउनु भयो र आफ्नो क्ल।इन्टले छोड्नु भएको कागजपत्र सबै मागनु भयो। सोहि क्रममा कुरा हुदै गर्दा उहाले बिपिन शाहजीको रेट महँगो भएको कारण आफुलाई तेती फाइदा नभएको कुरा राख्नु भयो र यो बीच मा उहाको काम लीला मास्केजी संग हुदै गरेको जानकारी गर्नु भयो। कुराकानीको बीचमा उहाले बिपिन शाहजी केहि समय अगाडी अस्ट्रेलिया जानु हुदा नेपालको काम कसले गर्नु हुन्थ्यो सोध्नु भयो र मैले सबै काम आफुले गरेको जानकारी गराए। त्यो पछि उहाले मलाई सबै काम गरेको पारिश्रमिक कति पाउनु हुन्छ भन्ने कुरा मा मासिक ९००० बाट बल्ल १६००० गर्नु भएको छ र आवत जावत गर्न एकदम टाढा परेको र आफ्नो पढाई पनि पुरा गर्न परेकोले काम छोड्दै छु भन्ने जवाब दिदा उहाले तेती मात्र दिनु हुदो रहेछ, तपाई आफै सक्छेम पनि हुनु हुन्छ भन्ने कुरा भयो र काम आफुले गर्न सक्नु हुन्छ भन्ने प्रश्नमा ऐले सम्म गरिरको छु भन्ने जवाबमा उहाले अफिस छोड्दै हुनु हुन्छ भने मेरो पनि यो काम गर्दिनु भनेर प्रस्ताब राख्नु भयो र लीला मास्के जी भन्दा कम रेटमा गर्दिनु भनेर प्रस्ताब राख्नु भयो , गुर्खा को परिवार आफैमा एक पिडित हुनु हुन्छ एउटा सामाजिक काम पनि हो सहयोग गर्दिनु भन्ने कुरामा उहाले आफुले प्रति व्यक्ति £600 line र तपाइलाई एक जना बराबर भूपू गुर्खा हुनु भयेको छोरा छोरीको हकमा रु.२५,००० र एकल आमको छोराछोरीको हकमा रु.२०,००० र भूपू गुर्खा र उहाको श्रीमतीको हकमा रु. १०,००० दिने भनेर एउटा कागजमा लेख्नु भएर अग्रीमेंट गर्नु भयो र साथै तेइ दिन उहाले घर देखि काम सुरु गर्नु भनेर रु १,००,००० दिनु भयो र आफुले घरमा बसेर काम गर्न सकिदैन मान्छेहरुलाई गारो हुन्छ एउटा अफिस चै चाहिंनछ भन्ने कुरामा उहाले आफुले हेरेर गर्नु नेपालको मलाई थाहा छैन भन्नु भयो र मनोमानी शुल्क को बिषयमा हरेक शुल्क सुर्य नेम्बाङ्गलाई सोधेर र जानकारी गराएर न्युनतम शुल्क लिएको जानकारी प्रमाण सहित आफु संग भएको जानकारी गराउन चाहन्छु।

**समाचारमा आएको बिषय :** क्ल।इन्टहरु संग पैसा लिने तर उनीहरुको मुद्दा दर्ता नगरिदिने गरेको भेटे, कम्प्लेन पनि हाने अनि उ मसंग रिसाएको हो बारे

**खण्डन :** मुद्दा दर्ता गर्ने काम ल फर्म को हो र मुद्दा बारे जानकारी लिने काम मुद्दाको सर्भिस चार्ज लिने मान्छेको हो येति जानकारी त २०११ साल देखि काम गर्दै आउनु भएको सुर्य नेम्बाङ्गलाई थाहा हुनु पर्ने हो। मेरो काम मैले राम्ररी गरेको छु। हरेक क्लाइन्तको मुद्दा दर्ता गर्नको लागि रिफ्युज भएको पेपर का साथै मुद्दाको लागि आवसेक कागजहरु इमेल गरि ल फर्म र सुर्य नेम्बाङ्गको इमेल मा सेन्ट गर्थेउ र सेन्ट गरे पछि पटक पटक त्यो मुद्दाको बारेमा सोधपुछ गर्न इमेल र मा सोधपुछ गर्थेउ एसको प्रमाण पनि मसंग छ तर पटक पटक सोधखोज गर्दा पनि सुर्य नेम्बाङ्गले कैले हुदै छ केश, कैले म सम्बंदित मान्छे संग आफै कुरा गर्छु, कैले मान्छेहरु धैरै खोज गर्छ सुर्य नेम्बाङ्ग मामा तपाई हरुको

काममा बिजी छ आए पछि आफै सम्पर्क गर्नु हुन्छ भन्ने जानकारी दिनु हुन्छ।  धेरै पिडितको गुनासो छ कि उहाहरुले आफ्नो केश बारे जानकारी लिन खोज्दा पटक पटक कल गर्दा पनि फोन न उठाउने, पठाएको मेसेजको जवाब नदिने गर्नु हुन्छ।  र हामीले बुझ्न खोज्दा पनि राम्ररी केहि पनि भन्नु हुन्न र येही बिषय मा २०२१ मा धैरैको मुद्दा दर्ता छुटेको रहेछ ।  यो कुरा पनि उहाले जानकारी गराउनु भएन मैले आफै पिडित को गुनासो आएको कारण दाईरेक्त म फर्म मा बुज्दा फलानो पिडितको मुद्दा नै दर्ता भएको रहेनछ तर उहाले त्यो पिडित संग चै केश चल्दै छ पैसा ६४४००० तयार गर्नु भन्नु भएको रहेछ।  दर्ता नै नभएको केशको कुन आधारमा पैसा तयार गर्न लगाउनु भयो? मुद्दा हेरे बापत £५०० चार्ज लिनु भएपछि उहाको दायितो हुन्छ त्यो मुद्दा बारे ल फर्म संग जानकारी लिरहनु पर्दछ, पैसा मात्र लिएर ल फर्ममा केश दिनु हो भने त उहाले £५०० लिनु उचित होर?

उहाले जुन कारणले उहासंग रिसायो भन्नु भएको छ त्यो पनि सहि हैन।  रिसाउनु को कारण उहाले हाम्रो अफिसको नाममा गरेको ठगीको कारण हो।  पिडितलाई जिती सकेको केश बाबा आमाले बयान बिगार्नु भयो माथिलो अदालतमा जानु हुन्छ कि हामी मिलैदेउ भनेर रात रत कोइ संग २ लाख कोइ संग ३ लाख हार हरि माग्नु भएछ र सो बारे बाहिर कुरा नगर्नु भन्ने दार त्राश देखाउनु भएछ । र पिडित ले उहाको भ्रमात्मक कुरालाई पतयाउन बाध्य बनाई पैसा लिनु भयो र हामीलाई चाही पिडित ले धेरै समय पछि मात्र जानकारी गराउनु भयो र सो पैसा किन भन्ने प्रस्नमा त्यो पैसा काठमाडौँ अफिस देखि लिएर UK  मा वकिल, बर्रिस्टर, जज सबलाई बढ्नु पर्ने तर्क राख्नु भएछ जुन पैसा कसैलाई बाध्नु पर्ने थिएन किन कि यो बारे न हामी नेपाल बाट अपलाई गर्दिने मान्छे लाई थाहा छ न UK मा कसैलाई।  सो कुरा बारे आवाज उठाउदा उहाले मलाई पिडित मेरो अगाडी आएर बोलोस् भन्ने जवाब दिनु भयो र बकैदा भिसा लागि सकेपछि उहाको Standard Chartered Bank र Mega Bank मा पीडितले स्वयम् पैसा जम्मा गर्नु भएको रसिद देखाएर उसलाई मैले प्रस्न गर्दा पनि त्यो कुरा उसले झुटो हो भनेर नकार्यो र त्यो पछि पनि फेरी उक्त पिडित संग अझै केहि रकम लिन बाकि छ भनेर तर्साउनु भयो र यो बिषयका साथै उहाले हामीलाई सुरुको अप्प्लिकेशन चार्ज बारे पनि झुटो बोल्नु भएको थाहा पाएउ।  हामीलाई £६०० लिन्छु भनेर भ्रम मा पारि आफुले चाही मान्छे हेरी हेरी मन परि कसै संग £९००, £१३५० देखि लिएर £१६०० £१७०० £२२०० सम्म लिनु भएको काम गरेको ३ ३.५ वर्ष पछि खुलाशा भयो। सो बारे आफुले उसलाई प्रश्न उठाउदा उसलाई चित्त बुजेना र आफुलाई पनि उसको कालो करतूत चित्त न बुज्दा २०२२ साल मा पटक पटक अब उसको काम नगर्दिने भन्दा भन्दै कैले क्लाइँट हरुलाई बिचल्लीमा छोड्न हुन्न येति काम सम्म गर्दिनु भएर अनुरोध गर्नु भएको कारण हामीले पनि काम लिसकेको मान्छेलाई सुर्य नेम्बांग्को कारण किन बिचमा पर्ने भनेर पटक पटक मान्छे हरुलाई को पेमेन्ट बारे बुझ्न लगयोउ र चित्त बजे मात्र अपलाई गर्न अनुरोध गरेउ, एसको प्रमाण सहित उपलब्ध छ ।

**समाचारमा आएको बिषय:** बिरामी छु भनेर मसंग ३०/३५ लाख लियो। पछि उहाले तिरिन तर अरु क्लाइँटबाट केकेमा लाग्छ भन्दै मेरो अकाउन्तमा लगाउन लगाएकी रहेछ। ६० लाख नागेपछी भने मसंग न्यु खोज्न थालेको हो। तेस पछि मैले जगिर्बता निकाले।

**खण्डन:** क्लाइँट संग कसले पैसा माग्ने, कुन खातामा लगाउन लगाउने सबै प्रमाण हामी संग उपलब्ध छ। जो मान्छे ले अप्लिकेसनको तेत्रो सर्भिस चार्ज छुट्टै, मुद्दा हेर्देको बापत सर्भिस चार्ज छुट्टै, भिसा लागे पछि यो कागज त्यो कागज भन्दै लाखौ लाख ठगि र बिग्रेको मुद्दा मिलाई दिने भनि लाखौ ठगि गर्ने गर्दा गर्दै पनि क्लाइन्त्को एउटा सानो £२ पौण्ड को इनक्वैरीको कामको पैसा सम्म पनि न छोडेको प्रमाण छ। कुन आधार मा ६० लाख उहाले मलाई छोड्नु भयो होला आफैमा विचारमय छ। २०१८ साल देखि २०२२ साल सम्म को बिल मा सुर्य नेम्बंग संग रु १४,१०,९१० अझै लिन बाकि भएको प्रमाण सहित उपलब्ध छ। सो रकमको बिषयमा २०७९ साल श्रवन तिर नेपाल आउदा हिसाब गर्न अफिस आउछु भन्ने मान्छेले अझ सम्म नाख मुख देखाउन आएको छैन र ऐले आएर उसको पैसा हामीले थागेउ भन्ने आरोप लगाउन्दै मेरो चरित्र हत्या गर्दै छ। पैसै लिन पर्ने मान्छे भए अफिश्को ठेगाना थाहा नभएको हैन किन लुकी लुकी नेपाल आउने र UK फर्कने गर्नु हुन्थ्यो। पैसा दिनु पर्ने मान्छे लुकी लुकी हिड्छ कि लिनु पर्ने ?

जागिर बाट निकाल्ने कुरा मा हामी कसैको अफिसमा जागिर खाएको हुनु पर्यो। आफ्नो अफिस स्वयम् आफ्नै नाममा दर्ता भएको छ उसले कुन आधारमा जागिरको कुरा गर्दै छ? जागिर को सम्बन्धमा उसले चाही क्लाइँट हरुलाई फलानो ठाउँ मा मेरो अफिश छ त्यहाँ बस्ने मेरा स्ताफ्फ़ हुन् भनेर चाही अनावासेक कुरा फैलाउने र UK को पेमेन्ट बारे उनीहरुलाई थाहा हुन्न पेमेन्ट सम्बन्धि कुरा नगर्नु भनेर भन्ने गर्दो रहेछ सो कुरा बाहिर आएको छ

उहाले जागिर बाट निकाले अनुसार त श्रेष्ठ करियर अदभैजर् (Shrestha Career Advisor) भन्ने अफिस बन्द हुनु पर्ने खै हामीले त ऐले सम्म पुरानै ठेगानामा संचालन गरि नै रहेको छौ, उहा चाही यता हाम्रो अफिस बाट र UK ma Everest Law Solicitors बाट निकाला भएको हो । निकालिएका को हुन् त ?

**समाचारमा भनिएको बिषय :** भिसा लागि सके पछि अफिसमा बोलाई बोलाई पैसा लिनु हुन्छ , मैले तेस्तो गर्नु ठिक हैन भने भन्ने बारे

**खण्डन :** नेपालि समाचार डत् कम मा उहाले भने अनुसार भिसा लागि सके पछि अफिसमा बोलाई बोलाई मैले सुल्क लिन्छु रे तर सत्यता के हो भने उहाले भिसा लागि सके पछि नेपालमा रहेका अरु कन्सलतेनसीहरुले येति येति रकम लिने सुन्नमा आएको छ हामीले पनि लिनु पर्छ अब देखि भिसा लागेपछि रु २०,००० लिनु सुर्य नेम्बांग्को अकाउन्त्मा सो रकम को ७५% लगाउने र बाकी २५% चाही हामीलाई लिनु भन्ने कुरा राख्नु भएको प्रमाण सहित म संग रहेको जानकारी गराउन  चाहन्छु।  यो बारे इस्पस्तीकरण चाहन्छु। यदी समाचारमा लेखिएको जस्तो कार्य भए गरेको भए प्रमानित गर्न चुनौती दिन चाहन्छु।

पत्रकार आचारसंहिता अनुसार समाचारमा सम्बन्धित पक्षको भनाइलाई स्थान दिनु पर्ने प्रचलित व्यवस्था रहेकोमा म संग सम्पर्क गर्ने प्रयास समेत नगरी असन्तुलित झुटो समाचार प्रकाशित गरिएको छ। पूर्व प्रकाशित समाचार हटाई क्षमायाचना सहित उक्त लिंकमा मेरो यो खण्डन प्रकाशित गर्न हुन अनुरोध छ।

बोधार्थ

प्रेस काउन्सिल नेपाल

निवेदक

नाम : समी काची श्रेष्ठ

मोबाइल: ९८१३५०१३०७

हस्ताक्षेर: समी

इमेल: shresthacareeradvisor2075@gmail.com